## छलफलका लागि पेश भएका प्रस्तावहरुः

१. कालो पत्रे सडक ठेकाहरुको म्याद थप गर्ने सम्वन्धमा । (वि.टी.)
२. झिम खोलाको वोल पत्र फार्म स्वीकृत सम्वन्धमा ।
३. गाडी दुर्घटना सम्वन्धी क्षतीपुर्ती दिने सम्वन्धमा ।
४. सम्पुरक कोष र विशेष कोषका आयोजनाहरु स्वीकृत गर्ने सम्वन्धमा ।
५. नगर प्रोफाइलको लागि (REP) प्रस्ताव माग गर्ने सम्वन्धमा
६. लक्ष्मीपुर बर्थिंग सेन्टरलाई ल्याव अनुदान उपलब्ध गराउने सम्वन्धमा ।
७. सडक बोर्ड नेपालको योजना स्वीकृती सम्वन्धमा ।
८. स्वास्थ्य सेवामा कार्यरत करारका कर्मचारीको म्याद थप तथा अवकास सम्वन्धमा ।

## निर्णय नं. १

आजको यस नगरकार्यपालिकाको वैठकको कार्यसुचिमा चढी निर्णयको लागि पेश भएको कालो पत्रे सडक ठेकाहरुको म्याद थप गर्ने सम्वन्धी प्रस्तावमा छलफल गर्दा यस नगरपालिकाले ब्यवस्था गरेको देहाय बमोजिमको ठेक्काहरुको म्याद २०७६।०६।३० गते समाप्त भएकोमा निज ठेकेदारहरुले काम गर्ने प्रयास गर्दा पनि मौसमले साथ नदिएको विद्युतको पोल नसारेको, बाटो अतिक्रमण हटाउन नसकिएको आदि कारणले म्याद समाप्त भएको हुँदा देहाय बमोजिम ठेक्काहरुको निम्न अनुसार म्याद थप गर्ने निर्णय गरियो ।

| क्र.सं. | ठेक्का नं. | स्थान | सम्झौताको समाप्त मिति | म्याद थप गर्नै मिति |
|---|---|---|---|---|
| १ | ९-०७५।०७६ | लालबन्दी सिमाना देखि चिताइन रोड | २०७६।०६।३० | २०७६ मंसिर मसान्त सम्म |
| २ | १०-०७५।०७६ | पिडारी देखि जनता मा.वि. हरैया सम्म हरिपुर-४ र ९ | २०७६।०६।३० | २०७६ मंसिर मसान्त सम्म |
| ३ | ११-०७५।०७६ | जगतपुर हाईवे देखि जगतपुर स्कुल सम्म हरिपुर-८ | २०७६।०६।३० | २०७६ कार्तिक मसान्त सम्म |
| ४ | १२-०७५।०७६ | सानो जतपुर सडक हरिपुर-२ | २०७६।०६।३० | २०७६ मंसिर मसान्त सम्म |
| ५ | १३-०७५।०७६ | फरहदवा मेन सडक हरिपुर-३ र ४ | २०७६।०६।३० | २०७६ मंसिर मसान्त सम्म |
| ६ | १४-०७५।०७६ | हरिहर माई स्थान देखि जानकीनगर सडक हरिपुर-१ | २०७६।०६।३० | २०७६ मंसिर मसान्त सम्म |

बैठक मिति : २०७६।०६।३० गते

## निर्णय नं. २

आजको यस नगरकार्यपालिकाको बैठकको कार्यसुचिमा चढी निर्णयको लागि पेश भएको झिम खोलाको वोलपत्र फार्म स्वीकृत सम्बन्धी प्रस्तावमा छलफल गर्दा यस नगरपालिकाको आ.व. २०७६।०७७ को आन्तरिक आय व्यवस्थापनको लागि मिति २०७६।०६।०९ गतेमा सर्लाही दैनिक पत्रीकामा प्रकाशित झिम खोला ठेक्का बन्दोवस्त सम्वन्धी १५ दिने प्रकाशित सुचना अनुसार पर्न आएका शिलवन्दी दरभाउपत्रहरु क्रमशः चमेली माई निर्माण सेवा हरिपुर-६, लक्ष्मीपुरबाट रु. ७,५५,५५५।००, प्रिन्स निर्माण सेवा बबरगंज-७ बाट रु. ३,१५,०००।००, गजेन्द्र मण्डल हरिपुर-५ बाट रु. ३,१०,०००।००, अरविन्द कुमार राय चन्द्रनगर-२ बाट रु. ७,००,०००।०० र लक्ष्मी नारायण महादेव निर्माण सेवाबाट रु. ६,००,००१।०० कबुल भएकोमा कबुल अंक मध्ये सवै भन्दा बढी कवुल अंकमा सकार गर्ने चमेली माई निर्माण सेवा लक्ष्मीपुर-६ भएकोमा उक्त चमेलीमाई निर्माण सेवाले शिलवन्दी दरभाउ पत्र पेश गर्ने दिनको तोकिएको समय भित्र दर्ता गर्ने वेलामा विभिन्न व्यक्तिहरुले हुल हुज्जत गरी उक्त चमेली माई निर्माण सेवाले पेश गरेको दरभाउ पत्रमा संलग्न वैंक भौचर च्यादी दिएको भन्ने व्यहोरा खुलाई यस हरिपुर नगरपालिकामा च्यातीएको वैंक भौचर सहितको निवेदन पेश गर्को हुँदा निज निवेदकको व्यहोरा सही सत्य भएको र वैंक जमानतको रकम समेत वैंक दाखिला भएको देखिएको र यस नगरपालिकाको आन्तरिक आय समेत निजलाई दिदा वढने् भएकोले सवै भन्दा वढी कवुल अंक रु. ७,५५,५५५।०० पेश गर्ने चमेली माई निर्माण सेवा लाक्ष्मीपुरलाई ठेक्का सदर गरी चलन पुर्जी दिने निर्णय गरियो ।

## निर्णय नं. ३

आजको यस नगरकार्यपालिकाको बैठकको कार्यसुचिमा चढी निर्णयको लागि पेश भएको गाडी दुर्घटना सम्वन्धी क्षतीपुर्ती दिने सम्वन्धी प्रस्तावमा छलफल गर्दा यस नगरपालिका कार्यालयको टिपर र मोटरसाइकलबाट दुर्घटना हूँदा टिपरमा भएको खर्च रकम रु. ९,४७०।०० र मोटरसाइकल खर्च रकम रु. १६,५००।०० चौथो नगर सभाको पेज नं. ३८ को सि.नं. ६२ मा भैपरी आउने चालु खर्चबाट खर्चबाट भुक्तानी गर्ने निर्णय गरियो ।

## निर्णय नं. ४

आजको यस नगरकार्यपालिकाको बैठकको कार्यसुचिमा चढी निर्णयको लागि पेश भएको.सम्परक कोष र विशेष कोषका आयोजनाहरु स्वीकृत गन सम्वन्धी प्रस्तावमा छलफल गर्दा सम्पुरक कोष र विशेष कोषको लागि डि.पि.आर. तयार गरी पेश गरेको देहाय बमोजिमको योजनाहरु आगामी पाचौं नगरसभाबाट अनुमोदन हुने गरी स्वीकृत गरी राष्ट्रिय योजना आयोगमा पेश गर्ने निर्णय गरियो ।

| क.सं. | योजनाको नाम | योजना स्थल | लागत ब्यहोर्ने | | | कैफियत |
|---|---|---|---|---|---|---|
| | | | सम्पुरक कोषबाट | नगरपालिकाबाट | जम्मा रकम रु. | |
| १ | विद्यालय भवन निर्माण | श्री महावीर जनता मा..वि. हरिपुर-२ | २,५३,२८,७९८।४२ | २,५३,२८,७९८।४२ | ५,०६,५७,५९६।८४ | |

विशेष कोषबाट संचालन योजना

| क.सं. | योजनाको नाम | योजना स्थल | लागत | | कैफियत |
|---|---|---|---|---|---|
| | | | विशेष कोषबाट | जम्मा रकम रु. | |
| १ | विद्यालय भवन निर्माण | श्री सार्वजनिक जनता मा.वि. हरिपुर-६, लक्ष्मीपुर | ५,३१,५७,५९६।८४ | ५,३१,५७,५९६।८४ | |

## निर्णय नं. ५

आजको यस नगरकार्यपालिकाको बैठकको कार्यसुचिमा चढी निर्णयको लागि पेश भएको नगर प्रोफाइलको लागि (RFP) प्रस्ताव माग गर्ने सम्वन्धी प्रस्तावमा छलफल गर्दा चालु आ.व. को लागि चौथो नगर सभाबाट स्वीकृत निर्णय नं. ५-३९ को रकम रु. ३५,००,०००।०० मध्ये रु. १९,९५,०००।०० खर्च गर्ने गरी यस नगरपालिकाको प्रोफाइल बनाउनको लागि परामर्श सेवा प्रदान गर्छु भनि यस नगरपालिकाको जिन्सी शाखामा मौजुदा सुचीमा दर्ता रहेका देहाय बमोजिमका परामर्श दाताहरुसँग (RFP) प्रस्ताव माग गरी नगरको प्रोफाइल निर्माण गर्न प्रमुख प्रशासकिय अधिकृतलाई निर्देशन सहित आदेश गर्ने निर्णय गरियो ।

| क.सं. | संस्थाको नाम | उद्देश्य | सम्पर्क व्यक्तिको नाम | मोवाइल नं. | सुची दर्ता नं. |
|---|---|---|---|---|---|
| १ | वि.एम. इन्जीनियरिंग सोलुसन प्रा.लि. काठमाण्डौं ११ | परामर्श | दिलिप कुमार महासेठ | ९८५१०९८१९९ | १९ |
| २ | डेभलपमेन्ट भिजन कन्सल्टेन्सी, किर्तिपुर | परामर्श | सुमन कर्ण | ९८४१३७८३८७ | २८ |
| ३ | पिक प्वाइन्ट इन्जीनियरिंग कन्सल्टेन्सी | परामर्श | विनोद चन्द्र आचार्य | ९८४१५०३५७४ | २७ |
| ४ | अभियन्त्र कन्सल्टेन्सी प्रा.ली. नयाँ बानेश्वर, काठमाण्डौं | परामर्श | कपिल अधिकारी | ९८४९१४२६७६ | २५ |
| ५ | अरवन प्लानींग एण्ड डिजाइन कन्सल्टेन्सी पुल्चौक, ललितपुर | परामर्श | हिसिला मानन्धर | ९८४००३०६६० | २६ |
| ६ | गोल्डेन ग्लोव इन्जीनियरिंग कुपोण्डोल, ललितपुर | परामर्श | ईश्वर रिमाल | ९८५५०६०१७८ | २३ |

## निर्णय नं. ६

आजको यस नगरकार्यपालिकाको बैठकको कार्यसुचिमा चढी निर्णयको लागि पेश भएको लक्ष्मीपुर बर्थिंग सेन्टरलाई ल्याव अनुदान उपलब्ध गराउने सम्वन्धी प्रस्तावमा छलफल गर्दा यस नगरपालिका वार्ड नं. ६ स्वास्थ्य चौंकी लक्ष्मीपुरमा संचालनमा रहेको बर्थिंग सेन्टरलाई चौथो नगरसभाको पेज नं. ३७ को सि.नं. ५३ को सामाजिक संस्था सहायताबाट लक्ष्मीपुर स्वास्थ्य चौंकीको बर्थिंग सेन्टरको ल्याव संचालनका लागि रकम रु. ३,५३,४३०।०० अनुदान उपलब्ध गराउने निर्णय गरियो ।

वैठक मिति : २०७६।०६।३० गते

# निर्णय नं. ७

आजको यस नगरकार्यपालिकाको वैठकको कार्यसुचिमा चढी निर्णयको लागि पेश भएको सडक बोर्ड नेपालको योजना स्वीकृत सम्वन्धी प्रस्तावमा छलफल गर्दा यस नगरपालिकामा मिति २०७६।०५।१२ गते च.नं. ४४० सडक बोर्ड नेपालको आ.व. २०७६।०७७ को बजेट स्वीकृती सम्वन्धी पत्र प्राप्त भएको र चालु आ.व. मा सडक बोर्ड नेपाल, नगरपालिका तथा उपभोक्ता समितिको लागत सहभागितामा देहाय बमोजिमको योजना स्वीकृत गरी खर्च गर्ने निर्णय गरियो । यी योजनाहरु उपभोक्त समिति मार्फत १० प्रतिशत नगद लागत सहभागिता जुटाई उपभोक्ता समिति मार्फत संचालन गर्ने र उपभोक्ता समिति नगर प्रमुख ज्यूको अध्यक्षतामा गठन गरी योजना संचालन गर्ने निर्णय गरियो ।

| क.सं. | योजनाको नाम | योजना स्थल | लागत सहभागिता | | | | संचालन प्रक्रिया | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| | | | सडक बोर्ड नेपाल ७०% | नगरपालिका १८ % | उपभोक्ता समिति लागत १२ % | कुल जम्मा | | |
| १ | सडक ग्राभेल तथता मर्मत सम्भार | वडा नं. १ को रेन्जर कुवाटर देखि पश्चिम हुँदै दक्षिण एस.एन.आर.टि.पी रोड सम्म | ११,००,००० | २,८२,८५० | १८८५८० | १५,७१,४३० | उपभोक्ता समिति मार्फत | |
| २ | सडक ग्राभेल तथता मर्मत सम्भार | हरिपुर वडा नं. ४ र ५ को हरैया चौक देखि पुर्व मजुर्वा बजार सम्म | १४००००० | ३६०००० | २४०००० | २०००००० | | |
| | जम्मा | | २५००००० | ६४२८५० | ४२८५८० | ३५,७१,४३० | | |

वैठक मिति : २०७६।०६।३० गते

## निर्णय नं. ८

आजको यस नगरकार्यपालिकाको वैठकको कार्यसुचिमा चढी निर्णयको लागि पेश भएको स्वास्थ्य सेवामा कार्यरत करारका कर्मचारीको म्याद थप तथा अवकास सम्वन्धी प्रस्तावमा छलफल गर्दा यस नगरपालिकाको गत आ.व. देखि सशर्त अनुदान तर्फ स्वास्थ्य संस्थाका विभिन्न कार्यालयहरुमा अस्थायी तथा करारमा नियुक्ती पाई सशर्त अनुदान अन्तर्गत नै तलव भत्ता पाउँदै आएकोमा चालु आ.व. २०७६।०७७ मा सशर्त अनुदानमा उक्त रकम नआएकोले नगरपालिकाको करारका कर्मचारीहरुको लागि विनियोजन गरिएको खर्च शिर्षकबाट असोज महिनासम्मको खाई पाई आएको तलव भुक्तानी गरी बजेट अभाव भएको कारणले देहाय बमोजिमका कर्मचारीहरुलाई असोज महिनाको म्याद थप सहित २०७६ कार्तिक १ गते देखि लागु हुने गरी अवकाश दिने निर्णय गरियो ।

| क्र.सं. | कर्मचारीहरुको नाम | पद | शुरु नियक्ती मिति | म्याद थप अवधी | खाई पाएको तलव | पाउने मासिक तलव | रकम स्रोत | कार्यरत शाखा | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | कन्चन कुमार राई | अ.न.मी. | २०७४।४।११ | २०७६ असोज मसान्त सम्म | २२,१७० | २२,१७० | सशर्त | वडा नं. ६ स्वास्थ्य चौकी लक्ष्मीपुर को. | |
| २ | पुष्पा चौधरी | अ.न.मी. | २०७३।८।९ | २०७६ असोज मसान्त सम्म | २२,१७० | २२,१७० | सशर्त | हरिपुर-२, प्राथमिक स्वास्थ्य केन्द्र | जिल्ला जनस्वास्थ का. मलंगवा |
| ३ | उर्मिला कुमारी | अ.न.मी. | २०७४।१२।१९ | २०७६ असोज मसान्त सम्म | २२,१७० | २२,१७० | सशर्त | हरिपुर-२, प्राथमिक स्वास्थ्य केन्द्र | |
| ४ | हिमकला दर्लामी | का.स. | २०७४।११।१३ | २०७६ असोज मसान्त सम्म | १३,३७५ | १३,३७५ | सशर्त | स्वास्थ्य चौकी जानकीनगर | |
| ५ | माधव प्रसाद भट्टराई | का.स. | २०७४।०४।०१ | २०७६ असोज मसान्त सम्म | १३,३७५ | १३,३७५ | सशर्त | हरिपुर-२, प्राथमिक स्वास्थ्य केन्द्र | |
| ६ | सन्तोष ठाकुर | का.स. | २०७४।४।१ | २०७६ असोज मसान्त सम्म | १३,३७५ | १३,३७५ | सशर्त | स्वास्थ्य चौकी लक्ष्मीपुर | |
| ७ | शम्भु प्रसाद साह | का.स. | २०७४। | २०७६ असोज मसान्त सम्म | १३,३७५ | १३,३७५ | सशर्त | स्वास्थ्य चौकी पिडारी. | |
| ८ | ममता मल्ली | मेस्तर | २०७५।४।१ | २०७६ असोज मसान्त सम्म | ६,००० | ६,००० | सशर्त | स्वास्थ्य चौकी जानकीनगर | |